# 34th (XXXIV) NCAR Part-66 AML EXAM (March 2022)

मा सहभागी हुन चाहने परिक्षार्थीहरुको लागी

## दरखास्त आह्वानको सूचना

**प्रकाशित मितिः २०७८।११।११**

नेपाल नागरिक उड्डयन प्राधिकरणको निर्णयानुसार यस विभाग र CAAi (U.K.) वीच २ फेव्रुअरी २०१२ मा सम्पन्न सम्झौता वमोजिम २२ देखि २४ मार्च २०२२ मा संचालन हुन गइरहेको 34th NCAR Part-66 अनुसारको AML-XXXIV आधारभूत परीक्षा दिन इच्छुक तथा योग्य उम्मेदवारहरुलाई, यस विभागवाट उपलब्ध गराइने फाराम रितपूर्वक भरी **४ मार्च २०२२** अर्थात *२०७८ फागुन २०* गते भित्र यस विभागमा आईपुग्ने गरी पेश गर्न हुन दरखास्त आह्वान गर्दै यो सूचना प्रकाशित गरिएको छ । यस परीक्षाको बिषयमा थप जानकारी आवश्यक भएमा यस विभागको एयरवर्दिनेश महाशाखामा सम्पर्क राख्न सकिनेछ । रित नपुगी पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन । यो सूचना प्राधिकरणको website: www.flightsafety.caanepal.gov.np मा प्रकाशित गरिएको छ ।

१) **न्यूनतम योग्यता तथा अनुभव :–**

प्रचलित नागरिक उड्डयन नियमावली तथा NCAR Part-66 मा उल्लेख भए बमोजिमको योग्यता भएको हुनुपर्नेछ ।

२) **दरखास्त फाराम भरी बुझाउने व्यबस्था :–**

क) CAAi (U.K.) बाट जारी भएको दरखास्त फाराम **फ्लाइट सेफ्टी स्ट्याण्डर्डस् विभाग**, सिनामंगलबा प्राप्त गर्न सकिनेछ भने प्राधिकरणको वेवसाइट www.caanepal.gov.np/Link:Flight Safety बाट पनि डाउनलोड गर्न समेत सकिनेछ ।

ख) साथै कम्प्युटराइज्ड प्रणालीबाट परीक्षा संचालन हुने र दरखास्त फाराम समेत Online Application भएको सन्दर्भमा यस सूचना अनुसार दरखास्त फाराम भरी वुझाउनु हुने सबै परीक्षार्थीहरुले मिति **४ मार्च २०२२** अर्थात *२०७८ फागुन २०* गते भित्र **फ्लाइट सेफ्टी स्ट्याण्डर्डस विभाग**, सिनामंगलमा Examination Application फाराम भरी पेश गर्नु पर्नेछ ।

३) **दरखास्त फाराम तथा परीक्षा दस्तुर :–**

क) दरखास्त फाराम दस्तुर वापत ५ (पांच) अमेरीकी डलर र परीक्षा दस्तुर वापत प्रति विषय (Module) १५ अमेरिकी डलर वरावर को रकम र सोको १३ प्रतिशत मु.अ.कर सहित हुन आउने रकम लाग्नेछ । विदेशी मुद्राको विनिमय दरको हकमा जुन दिन रकम बुझाइन्छ सोही दिनको नेपाल राष्ट्र बैंकले तोकेको विक्री दरको विनिमय दर कायम हुने छ ।

**ख) सोको अतिरिक्त CAAi (U.K.) संग भएको सम्झौतामा तोकिए वमोजिमको परीक्षा शुल्कको हकमा प्रति परिक्षार्थीहरुले प्रति Module वापत रु.१३,६८५।०० र सो को १३ प्रतिशत मु.अ.कर सहित हुन आउने रकम रु १५,४६४।०५ बुझाउनु पर्नेछ ।**

४) **परीक्षा दस्तुर वापतको रकम दाखिला :–**

परीक्षा दस्तुर वापत माथी बुंदा ३ (क) र (ख) मा उल्लेख भए वमोजिम दुवै प्रकारको रकम छुट्टा छुट्टै रुपमा यस बिभागको नाममा **राष्ट्रिय वाणिज्य वैंक, विशाल बजार शाखामा (वाणिज्य बैंकको जुनसुकै शाखामा** बुझाएपनि) रहेको **चल्ती खाता नं. १०९०१०००६४९१७००१** मा जम्मा गर्नु पर्ने छ ।

५) **परीक्षा कार्यक्रम र प्रवेश पत्र वितरणः–**

परीक्षा संचालन मिति **२०७८ चैत ०८, ०९ र १०** गते (**तदनुसार २२, २३ र २४ मार्च २०२२**) मा हुनेछ भने समय र स्थानको हकमा Exam Confirmation Letter मा उल्लेख भए बमोजिम हुनेछ ।

७) **दरखास्त साथ पेश गर्नुपर्ने कागजादहरुः–**

अङ्ग्रेजीमा जन्म मिति खुलेको नागरिकताको प्रतिलिपि वा पासपोर्ट वा सवारी लाइसेन्स र दरखास्त फाराम तथा परीक्षा दस्तुर वुझाएको भौचर/विजक/रसिद १।१ प्रति ।

८) **परीक्षा संचालन सम्वन्धी अधिकार::**

यस परीक्षा संचालन सम्बन्धि सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ र यस सम्बन्धमा अन्य थप जानकारी चाहिएमा यस विभागमा सम्पर्क राख्न सकिनेछ ।


**नेपाल नागरिक उड्डयन प्राधिकरण**

**फ्लाइट सेफ्टी स्ट्याण्डर्ड्स विभाग**

**सिनामंगल, काठमाण्डौ, नेपाल ।**

**फोन नं. ४१११११९, पोष्ट बक्सः ६९२९**

**Email:info@flightsafetycaan.gov.np**


द्रष्टव्यः

परीक्षा दस्तुर वापत नन्अपरेटिभ खाता नं १०९०१०००६४९१७००१ मा जम्मा गरेको रकम फिर्ता नहुने हुंदा दरखास्त चेक जांच भएपश्चात एकिन गरी मात्र बैक खातामा दस्तुर वापतको रकम जम्मा गर्न हुन जानकारी गराइन्छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण फ्लाइट सेफ्टी स्ट्याण्डर्ड विभाग २०५५